राजपुर गाउँपालिका ☎०८२-५१०६४०

# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

प.सं. २०८३/०८४
च.नं.

लुम्बिनी प्रदेश, नेपाल

## घर भाडा उपलब्ध गराउने सम्वन्धि सूचना ।

**सूचना प्रकाशन मिति : २०८३/०५/२५**

प्रस्तुत विषयमा यस राजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका लागि घर भाडामा लिनुपर्ने भएकोले तोकिएका शर्तहरू पूरा हुने गरी इच्छुक घरधनीहरूले सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र आफ्नो निवेदन गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

<u>आवश्यक शर्त तथा विवरणहरू:</u>

- **कोठा संख्या:** ३ (तीन) वटा उज्यालो र प्रयोगयोग्य कोठाहरू ।
- **सुविधा:** खानेपानी, ढल तथा विजुलीको उचित व्यवस्था भएको ।
- **पहुँच मार्ग:** मुख्य सडक वा सहज रूपमा सवारी साधन आउजाउ गर्न सकिने बाटो भएको ।
- **भौतिक संरचना:** सुरक्षित, भूकम्प प्रतिरोधी र प्रशासनिक कामकाजका लागि उपयुक्त ।
- **चार किल्ला :** पूर्वमा – गंगदी खोला, पश्चिममा – सामुदायिक वन उत्तरमा – गंगदी चोक देखि १ कि.मी. सम्म, दक्षिणमा – हुलाकी राजमार्ग भित्र भएको घर हुनुपर्ने ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

- घरधनीको नागरिकताको प्रतिलिपि
- घर-जग्गाको लाल पुर्जाको प्रतिलिपि
- तोकिएको भाडा दर (प्रस्तावित रकम)

*नोट: प्राप्त निवेदनहरू मध्ये गाउँपालिकाको आवश्यकता र प्राथमिकता अनुसार उपयुक्त घर छनोट गरिनेछ । मूल्याङ्कन तथा अन्तिम निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।*

०८३/०५/२५

.................................
लालचन्द्र बुढा
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: rajpurmun@gmail.com
Website: rajpurmundang.gov.np